भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## करार सेवामा दरखास्त आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/०८**

भूमे गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक स्वास्थ्य ईकाईको लागि तपशिलको संख्या र योग्यता भएको कर्मचारी करार सेवामा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरी दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| विज्ञापन नं. | पद | तह | संख्या | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|
| ०१-०७९/०८० | अ.न.मी (SBA) | सहायक चौथो | १ (एक) | सामुदायिक स्वास्थ्य ईकाइ झुम्लाबाङ |
| ०२-०७९/०८० | अ.हे.व | सहायक चौथो | ४ (चार) | ५ नं.,६ नं.,७ नं.,८ नं वडा अन्तर्गतका सामुदायिक स्वास्थ्य इकाई |

योग्यता

- **दरखास्त दिने स्थान:** भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर रुकुम (पूर्व) ।
- **न्यूनतम शैक्षिक योग्यता:**
  १. **अ.न.मी:** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषय उत्तीर्ण गरी काउन्सिल दर्ता नवीकरण भएको र SBA तालिम प्राप्त ।
  २.अ.हे.व: नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषय उत्तीर्ण गरी काउन्सिल दर्ता नवीकरण भएको ।
- **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी, अनुभवको प्रमाणित प्रमाणपत्र, प्रचलित कानुन बमोजिम परिषद दर्ता हुनुपर्ने भएमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (सबै कागजातको प्रतिलिपीको पछाडीपट्टी उम्मेदवार स्वंयमले हस्ताक्षर गरेको हुनुपर्ने छ ) ।
- **दरखास्त दस्तुर र बुझाउने स्थान:** रु ५०० को नगदी रसिद वा सिटिजन्स ईन्टरनेशनल बैंक लिमिटेड भूमे शाखा स्थित खाता नम्बर ०७८०१०००००००१२०२ (ग १.३ भूमे गा.पा. आन्तरिक राजस्व खाता) मा रकम जम्मा गरेको सक्कली भौचर कार्यालयमा पेश गर्नु पर्नेछ ।
- **दरखास्त फारम:** भूमे गाउँपालिकाको वेबसाईट www.bhumemun.gov.np वा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
- **दरखास्त दिने अन्तिम मिति:** २०७९/०८/२२ गते कार्यालय समयभित्र ।
- **उम्मेदवारको उमेर हद:** १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
- **तलब सुविधा:** गाउँपालिकाको नियमानुसार ।
- **परीक्षाको किसिम:** छोटो सूची,लिखित र अन्तर्वार्ता ।
- **थप जानकारी:** www.bhumemun.gov.np 9847981037 ,9843199029